# अपर म्याग्दी हाइड्रोपावर लिमिटेडको
# UPPER MYAGDI HYDROPOWER LIMITED

## तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः ९ पौष २०८२**

यस अपर म्याग्दी हाइड्रोपावर लिमिटेडको संचालक समितिको मिति २०८२/०९/०८ गतेको दिन बसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्नलिखित मिति, समय र स्थानमा निम्न प्रस्ताव उपर छलफल गरि निर्णय गर्न यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै सभामा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा बस्ने मिति, समय र स्थान :**

**मिति** : २०८२ साल पौष ३० गते बुधबार

**समय** : दिनको ३:३० बजे

**स्थान** : कुपन्डोल ब्याकेट, ललितपुर ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावः**

१) आ.व. २०८१/०८२ को साधारण सभामा प्रस्तुत हुने संचालक समितिका अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२) आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सो लाई पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख. विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी**

१) कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख रहेको पछिल्लो शेयर लगतको आधारमा शेयरधनीको रेकर्ड कायम गरिनेछ ।

२) सभा हुने दिन सभामा उपस्थितीको लागि हाजिरी पुस्तिका दिनको २:३० बजे देखि सभा बिसर्जन नभएसम्मका लागि खुल्ला रहने छ ।

३) सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भईदिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

४) उपस्थिती जनाई सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने फोटो सहितको कागज प्रमाण प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाइने छ ।

५) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फारम सभा हुने दिन भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात २०८२/०९/२८ गते बिहानको १० बजे भित्र कम्पनीको कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ ।

६) एकजना शेयरधनीले एकजना भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाईएमा सबैभन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि पनि शेयरधनीले सभामा उपस्थित भई सभाको हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि (प्रोक्सी) नियुक्त स्वतः बदर हुनेछ ।

७) कुनै कम्पनी शेयरधनी रहेको अवस्थामा सम्बन्धित कम्पनीको कार्यकारी प्रमुख वा अध्यक्षले आधिकारीक रुपमा दस्तखत गरि नियुक्त गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिनसक्नु हुनेछ ।

८) साधारण सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको कार्यालय, पुल्चोक ललितपुरमा कार्यालय समयभित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

९) सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ । सो दिन हाजिर पुस्तिका दिनको २:३० बजे देखि खुल्ला हुनेछ ।

१०) नाबालक तथा अशक्त वा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नुहुनेछ ।

११) सभा सम्बन्धी अन्य काम कारवाहि प्रबन्ध पत्र, नियमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**